**नेपाल टेलिभिजन**
**सिंहदरवार**

# आन्तरिक प्रतियोयगिताद्वारा बढुवासम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/१०/१० गते)

लोक सेवा आयोगबाट सहमति प्राप्त भएबमोजिम यस नेपाल टेलिभिजन संस्थानका विभिन्न पदहरुमा नेपाल टेलिभिजन संस्थान कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६ सहित) को विनियम १६ बमोजिम आन्तरिक प्रतियोगिताद्वारा बढुवा गर्नुपर्ने भएकोले सोही विनियमावलीको विनियम ५८ बमोजिम न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले संस्थानबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७६/११/११ गते सम्ममा दरखास्त दिनु हुन यो सूचना गरिन्छ । दरखास्त फाराम संस्थानको वेबसाइट www.ntv.org.np बाट डाउनलोड गर्न सकिनेछ ।

**१. बढुवा हुने पदहरुको विवरण :**

| विज्ञापन नम्बर | पद | तह | सेवा | समूह | उपसमूह | पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|
| ६९-०७६/७७ | प्रमुख समाचार सम्पादक | ९ | प्रा. | समाचार | | १ | १,२५०।- |
| ७०-०७६/७७ | कार्यकारी प्रशासन अधिकृत | ८ | प्र. | प्रशासन | | १ | १,२५०।- |
| ७१-०७६/७७ | कार्यकारी दृश्य सम्पादक | ८ | प्रा. | अपरेशन | दृश्य सम्पादक | १ | १,२५०।- |
| ७२-०७६/७७ | कार्यकारी समाचार सम्पादक | ८ | प्रा. | समाचार | | १ | १,२५०।- |
| ७३-०७६/७७ | वरिष्ठ प्रशासन अधिकृत | ७ | प्र. | प्रशासन | | १ | १,०००।- |
| ७४-०७६/७७ | वरिष्ठ लेखा अधिकृत | ७ | प्र. | आ.प्रशासन | | १ | १,०००।- |
| ७५-०७६/७७ | वरिष्ठ समाचार सम्पादक | ७ | प्रा. | समाचार | | १ | १,०००।- |
| ७६-०७६/७७ | इन्जिनियर | ७ | प्रा. | इन्जिनियरिङ | इइक | १ | १,०००।- |
| ७७-०७६/७७ | प्रशासन अधिकृत | ६ | प्र. | प्रशासन | | १ | १,०००।- |
| ७८-०७६/७७ | प्राविधिक अधिकृत | ६ | प्रा. | इन्जिनियरिङ | इइक | १ | १,०००।- |
| ६१-०७६/७७ | क्यामराम्यान (पर्सन) | ६ | प्रा. | कार्यक्रम | छायाङ्कन | १ | १,०००।- |

**बढुवाको दरखास्त फाराम दिंदा उम्मेदवारले ध्यान दिनुपर्ने विषयहरु :**

(क) नेपाल टेलिभिजन संस्थान कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६ सहित) को विनियम ५९ बमोजिम अयोग्य भएको हुनुहुँदैन ।

(ख) बढुवाका लागि दरखास्त फाराम भर्ने उम्मेदवारले बढुवाको लागि आवश्यक आधार पूरा गरेका प्रमाणपत्र एवं शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपिमा आफैले "सक्कल बमोजिम नक्कल ठीक छ" भनी दस्तखत गरी दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ ।

(ग) लिखित परीक्षा लोक सेवा आयोगबाट लिइनेछ ।

(घ) लिखित परीक्षाको नतिजा प्रकाशन सँगै अन्तर्वार्ता सम्बन्धी सूचना प्रकाशित गरिनेछ ।

(ङ) परीक्षा कार्यक्रम र परीक्षा केन्द्रका बारेमा पछि सूचना प्रकाशित गरिनेछ ।

(च) दरखास्त फाराम प्रशासन महाशाखामा बुझाउनुपर्नेछ । दरखास्त फाराम www.ntv.org.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

(छ) दरखास्त फाराममा उल्लेखित सबै विवरणहरु स्पष्ट रुपले खुलाउनुपर्नेछ ।

(ज) बढुवाका लागि तोकिएको मितिभित्र दरखास्त फाराम नभरेको कर्मचारीलाई बढुवा प्रक्रियामा सामेल गराइने छैन र निजले बढुवाको निर्णय विरुद्ध उजूर गर्न पाउने छैन ।

(झ) बढुवाको लागि उम्मेदवार हुने स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

(ञ) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बढुवा हुने पदभन्दा एक तहमुनिको पदमा २०७६ असार मसान्तसम्ममा देहायबमोजिमको सेवा अवधि पुगेको हुनुपर्नेछ :

१. सहायक स्तरबाट सहायक स्तरमा बढुवा हुन ३ (तीन) वर्ष पुगेको ।
२. सहायक स्तरबाट अधिकृत स्तरमा बढुवा हुन ४ (चार) वर्ष पुगेको ।
३. अधिकृत स्तरबाट अधिकृत स्तरमा बढुवा हुन ३ (तीन) वर्ष पुगेको ।
४. महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएको कर्मचारी भए सो अवधिमा एक वर्ष कम भए पनि सम्भाव्य उम्मेदवार हुन सक्नेछ ।
५. बढुवा हुने पदको तहभन्दा एक तह मुनिको पदको खुलाको लागि तोकिएको शैक्षिक योग्यता भएको हुनुपर्नेछ ।

(ट) म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

(ठ) बैंक अफ काठमाडौं लि.मा नेपाल टेलिभिजनको नाममा रहेको चल्ती खाता नं.०१५९००१००६१५५२४ मा दरखास्त दस्तुरवापतको रकम बुझाएको सक्कल भौचर दरखास्त फारामसाथ संलग्न हुनुपर्नेछ ।

सदस्य सचिव
पदपूर्ति समिति